आज मिति २०८० असोज ५ गते शुक्रबारका दिन बागचौर नगरपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुस्मिमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केश बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |

Scanned with CamScanner

**कार्यपालिका बैठक नं. १९ मिति २०८०।०६।०५ ( आ.व. २०८०।०८१)**

**प्रस्तावहरुः**

१) जलवायु अनुकुलन कार्यक्रम अन्तरगत आयोजना छनौट सम्बन्धमा ।

२) सुस्वा परियोजना अन्तर्गत आयोजना कार्यान्वयन सम्बन्धमा ।

३) आ.व. २०७९।०८० मा नियुक्त कर संकलकहरुको प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा ।

४) घ वर्गको ईजाजत पत्र स्विकृति सम्बन्धमा ।

५) आर्थिक सहायता सम्बन्धमा ।

६) कानूनी सल्लाहकार नियुक्ति सम्बन्धमा ।

७) ५ नं वडा कार्यालय तथा विद्यालय व्यवस्थापन समिति अन्तर्गतका मुद्दामा कानून व्यवसायिलाई भुक्तानी सम्बन्धमा ।

८) समपुरक योजना (बानपा खा.पा. योजना २ र ७) को योजना छनौट तथा कार्यान्वयन सम्बन्धमा ।

९) करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

१०) विविध

**निर्णयहरु**

**निर्णय नं. १ः** आर्थिक वर्ष २०८०।०८१ मा जलवायु परिवर्तन सहयोग कार्यक्रम २ अन्तर्गत यस नगरपालिकामा कार्यान्वयन हुने तपसिल बमोजिमका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

क) माथिल्लो टाट्के सिचाई आयोजना वडा नं. ७

ख) बाँफुखोला जलाधार व्यवस्थापन कार्यक्रम वडा नं. १२

ग) शारदा खोला पाल्नो पेदिखोला खरखरे ढाँरा लिफ्ट सिचाई आयोजना वडा नं. ४

घ) फारुला तिवाचौर पाँचगैरे सिचाई आयोजना वडा नं. २

ङ) पटारे मोख्ला सिचाई कुलो आयोजना वडा नं. १०

**निर्णय नं. २ः** आ.व. २०८०।०८१ मा सुस्वा परियोजना अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने खानेपानी तथा शौचालय निर्माण आयोजनाहरु LMBIS मा फरक पर्न गएकोले तपसिल बमोजिमकको शिर्षक कायम गर्नको लागि खानेपानी मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

| क्र.स. | LMBIS मा भएको शिर्षक | कायम गर्नु पर्ने शिर्षक | कै. |
|---|---|---|---|
| १ | खानेपानी योजनाको मुख्य मर्मत तथा पानी सञ्चालन वडा नं. ३ देखि १२ मा | खानेपानी योजनाको मुख्य मर्मत तथा पानी सञ्चालन वडा नं. १ देखि १२ | |
| २ | शौचालय निर्माण तथा सुधार वडा नं. १,३,५,६,७,८,१० र ११ मा | शौचालय निर्माण तथा सुधार वडा नं. १ देखि १२ | |

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ३ः** बागचौर नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको सुझाव समेतका आधारमा नगर कार्यपालिकाको मिति २०७९ मंसिर २५ गतेको निर्णयानुसार वडा कार्यालयबाट अमानतमा राजश्व संकलन गरिएकोमा उक्त राजश्व संकलन कार्यमा संलग्न राजश्व संकलकहरुलाई प्रदान गरिने संकलित राजश्वको २५% ले हुन आउने प्रोत्सहान रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ः** मिति २०८० भदौ १५ गतेको बागचौर नगरपालिकाको प्राविधिक समितिको सिफारिस अनुसार तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | कम्पनीको नाम थर | प्रोपाइटर | कै. |
|---|---|---|---|
| १ | श्री एच.डी. कन्सट्रक्सन एण्ड सप्लायर्स, बागचौर न.पा. १ सल्यान | राजेश खत्री | |
| २ | श्री गितिका कन्सट्रक्सन प्रा.ली. बागचौर न.पा. ४ सल्यान | राम बहादुर बस्नेत | |
| ३ | श्री जि.एस. एण्ड डि. कन्सट्रक्सन एण्ड सप्लायर्स बागचौर न.पा. ९ सल्यान | गिर्दल डाँगी | |
| ४ | चक्र रिता निर्मार्ण सेवा, बागचौर न.पा. १० सल्यान | राजेश गिरी | |

**निर्णय नं. ५ः** यस बागचौर नगरपालिका अन्तर्गत विभिन्न वडा कार्यालयबाट सिफारिस भइ आएका तपसिल बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नाम थर | वडा नं. | कारण | सहायता रकम रु. |
|---|---|---|---|---|
| १ | तेज कुमार गिरी | वडा नं १० | लाखे नाच | १५ हजार |
| २ | पार्वती वुढा | वडा नं. १० | क्यान्सर पिडित | १५ हजार |
| ३ | भिमे डाँगी | वडा नं. ३ | क्यान्सर पिडित | १५ हजार |
| ४ | लोक बहादुर वली | वडा नं. ७ | वर्षाले घर भत्काएको | १० हजार |
| ५ | रुपे भण्डारी | वडा नं. ५ | बर्षाले घर भत्किएको | १० हजार |
| ६ | खुम बहादुर खड्का | वडा नं. ७ | बर्षाले घर भत्किएको | १० हजार |

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ६:** यस बागचौर नगरपालिक प्रतिवादी भइ दायर हुने मुद्दा, नगरपालिका वादी भइ दायर गरिने मुद्दाको वहस पैरवी, तारिख पेशी, पेशिमा उपस्थिति, लिखित जवाफ पेश गर्न लगायत मुद्दा संग सम्बन्धित अन्य कार्य गर्न, नगरपालिकालाई आवश्यक परेको खण्डमा कानूनी राय सल्लाह सुझाव प्रदान गर्न तथा न्यायिक समिति सम्बन्धित विषयहरुमा राय परामर्श प्रदान गर्न अधिवक्ता श्री डम्बर बहादुर वलीलाई बागचौर नगरपालिकाको कानूनी सल्लाहाकारको रुपमा नियुक्त गर्ने निर्णय गरियो । साथै उक्त अधिकवक्तालाई मासिक रु. २२ हजार पारिश्रमिक रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७:** यस बागचौर नगर कार्यपालिकाको मिति २०८० जेठ १२ गतेको निर्णयानुसार बागचौर नगरपालिका नगर प्रमुख श्री जनकराज गौतम, बानपा नगर कार्यपालिकाको कार्यालय र बानपा नगर शिक्षा समिति समेत उपर श्री उच्च अदालत सुर्खेतमा ईन्द्र बहादुर भण्डारी समेतले उत्प्रेषण परमादेश (मुद्दा नं. ०७९-WO-००४७) माग गरी दायर मुद्दा तथा बागचौर नगरपालिका नगर प्रमुख श्री जनकराज गौतम समेतलाइ विपक्षी बनाई श्री उच्च अदालत सुर्खेतमा जगत कुमारी बस्नेतले उत्प्रेषण परमादेश (मुद्दा नं. ०७९-WO-००५२) दायर मुद्दामा लिखित जवाफ पेश गर्न र तारेखमा रही मुद्दाको पुर्पक्ष तथा वहस पैरवी गर्न रुपलाल वलीको छोरा सल्यान जिल्ला छत्रेश्वरी गा.पा. वडा नं. २ निवासी वर्ष ४७ को अधिवक्ता डम्बर बहादुर ओलीलाई कानून व्यवसायीको रुपमा नियक्त गरिएकोमा उक्त कार्यका लागि निजले पेश गरेको निवेदनमा उल्लेखित रकम / पारिश्रमिक एकमुष्ट रु. १ लाख ७ हजार ४ सय भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस नगरपालिकाको समपुरक योजना (बानपा खा.पा. योजना २ र ७) अन्तर्गत तपसिल बमोजिमको योजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

- धाराखोला सानागाँडाकोट लिफ्ट खानेपानी आयोजना वडा नं. ७
- बागचौर खा.पा. योजना वडा नं. २
- तल्लो चिल्ढाले खा.पा. आयोजना वडा नं. २

**निर्णय नं. ९:** बागचौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत सम्पुर्ण करार कर्मचारीहरुको मिति २०८० श्रावण १ गते देखी २०८० असोज मसान्तसम्म करार अवधि थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** मिति २०८०।०४।३० गते आह्वान गरिएको निकासी कर सम्बन्धी बोलपत्रमा कुनै पनि बोलपत्रदाताहरुले बोलपत्र पेश नगरेकोले सोही रकममा पुनः बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** बागचौर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा नगर अनुदान शिक्षकहरुको करार म्याद समाप्त भएको तथा खुला प्रतिस्पर्धाका आधारमा नियुक्त हुने नगर अनुदान शिक्षकको प्रथम पत्रको परिक्षा भई परिक्षाफल प्रकाशित भएको र दोश्रो पत्रको परिक्षाको तयारीमा रहेको

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

अवस्थामा सम्मानीत उच्च अदालत सुर्खेतमा सोही विषयलाई लिएर मुदा दर्ता भएकोले सामुदायिक विद्यालयहरुमा शिक्षक अभाव भई पठनपाठनमा असहजता भएकोले मिति २०८०/०५/१६ गतेको नगर शिक्षा समितिको बैठकको निर्णयानुसार नगर अनुदान शिक्षक पदपूर्ति नहुँदा सम्मका लागि विद्यालय व्यवस्थापन समितिले साविकको नगर अनुदान कोटामा नवढ्ने गरी विद्यालय व्यस्थापन समितिले स्वयम सेवक शिक्षक व्यवस्थापन गर्ने निर्णयलाई अनुमोदन गर्ने तथा निज स्वयम सेवक शिक्षकहरुलाई साविक नगर अनुदान शिक्षकले खाइपाइ आएको तलवमान बरारको रकम विद्यालयबाट प्राप्त माग फारामको आधारमा विद्यालयको खातामा निकासा दिने निर्णय गरियो ।

**निर्णय नं. १२:** बागचौर नगरपालिकाका नगर प्रमुख श्री जनकराज गौतम, बानपा नगर कार्यपालिकाको कार्यालय र बानपा नगर अनुदान शिक्षक परिक्षा समितिर उक्त समिति संयोजक समेत उपर श्री उच्च अदालत सुर्खेतमा बागचौर नगरपालिका वडा नं. ९ बस्ने बर्ष ३४ को प्रकाश डाँगीको वारेस चन्द्रकुमारी धमलाले परमादेश (रिट नं. ०८०-WO-००१२) माग गरी दायर मुद्दामा लिखित जवाफ पेश गर्न र तारेखमा रही मुद्दाको पुर्पक्ष तथा वहस पैरवी गर्न रुपलाल वलीको छोरा सल्यान जिल्ला छत्रेश्वरी गा.पा. वडा नं. २ निवासी वर्ष ४७ को अधिवक्ता डम्बर बहादुर ओलीलाई अख्तियारीनामा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** बागचौर नगरपालिका मातहतका आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्न आवश्यक पर्ने जग्गा खरिद गर्न आ.ब. २०८०/०८१ को रातो कितावको सि.नं. ४१ को विविध खर्त शिर्षकबाट रु. ४०००००।-(अक्षेरेपी चार लाख) विनियोजन गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner